# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २३ माघ २०७९
# सोमवार
# बैठक सङ्ख्या- ६, दोस्रो

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:४२ बजे प्रारम्भ भयो ।

**(१२:४४ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, २१ मिनेटपछि बस्ने गरी स्थगित भएको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१२:४५ बजे)** **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु ।

(१२:४५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिन प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु । माननीय खिमलाल देवकोटा ।

(१२:४६ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो अनुगमन र मूल्याङ्कन विधेयकसम्बन्धमा हामी जुन आज छलफल गर्दै छौं । यो नेपालको सबैभन्दा ठुलो समस्या रहेको विषय पनि हो । विशेष गरेर हामी विधेयक त बनायौं । योभन्दा अगाडि चाहिँ राष्ट्रिय योजना आयोगले एउटा निर्देशिका बना'को थियो । निर्देशिका आधारमा एउटा एमेनीखालको टुल थियो । त्यही टुलको आधारमा समग्रमा अनुगमन र मूल्याङ्कनको काम पनि हुन्थे । तर यसलाई वैधानिकता दिनलाई भनेर जुन एउटा विधेयक बनेको छ । यो आफैमा सकारात्मक त छ । एकदम राम्रो छ ।

तर अर्को पाटो पनि हामीले के हेर्नुपर्छ भने अहिले हामी तीन तहका सरकार छौं । स्थानीय सरकार छ, प्रदेश सरकार छ, संघीय सरकार छ । अलिकति स्थानीय र प्रदेशका भूमिकाको बारेमा यो विधेयकमा जसरी राख्नुपर्थ्यो त्यो राखेको छैन । यो अनुदानका हामी चार

प्रकारका कुरा गर्छौं । वित्तीय समानीकरण अनुदानको विषयमा यो भनेको एउटा नैसर्गिक खालको हो । यो भनेको हाम्रो संविधानले संघीयताको पाटो हेर्दाखेरि अधिकारहरू जुन हामी यसलाई Expenditure Assignment भन्छौं । त्यो डिभल्व छ । तल ग'को छ । र Revenue Side चाहिँ सेन्ट्रलाइज छ । त्यसले के भनेको छ भने वित्तीय समानीकरण अनुदानलगायतका कुराहरू पालिका पालिकासम्म पनि ग'को हामीले आफैले अनुगमन गर्ने त्यो भनेको नैसर्गिक हो Unconditional खालको त्यो अनुगमन सब माथिबाट गर्ने हो भने हामी अहिले सातओटा प्रदेशमा हामी यो राष्ट्रिय सभाको सम्माननीय अध्यक्षसहित हामी सातओटा प्रदेशमा गयौं । एउटा समस्या हामीले के देख्यौं भने स्थानीय तहले इभन चाहे बुटलवल नगरपालिका होस् चाहे यो ललितपुर महानगरपालिका होस् । जस्तो मैले यो संसदमा एकपटक शून्य समयमा पनि बोलेको छु । जस्तो भैसेपाटीको त्यो सडक एउटा सडकको बारेमा मैले शून्य समयमा बोल्दाखेरि सात आठ वर्षदेखि भयो । र केन्द्रीय सरकारले बजेट राखेको छ । ठेक्का पट्टा लगाको छ । अहिलेसम्म काम हुँदैन । त्यसको अनुगमन हामीले गर्न किन नपाउने भनेर तलका मेयर साबहरूको भनाइ छ । वुटवलको मेयर सावले पनि त्यही भन्नुभा' छ । यहाँ सात आठ वर्षदेखि यो योजना हालिएको छ । हामीले अनुगमन गर्न किन नपाउने? केन्द्रका योजनाहरू पालिकाले पनि अनुगमन गर्न पाउनुपर्‍यो । प्रदेशले पनि गर्न पाउनुपर्‍यो । किनभने हाम्रो संघीयता भनेको सहकारी र सहअस्थित्व समन्वयको सिद्धान्तको आधारमा छ । त्यो सिद्धान्तलाई आत्मसात् हुने गरेर जुन विधेयक जुन बन्नुपर्ने थियो । त्यो नबनेको अवस्था छ । तर जे सुकै भए तापनि विधेयक बनेको छ । र यो विधेयकले कम्तीमा अनुगमन प्रणालीलाई चाहिँ इफेक्टिभ बनाउने खालको बना'को छ । यसलाई चाहिँ हामीले सकारात्मक रूपमा लिनुपर्छ । तर अनुगमन प्रणालीलाई जसरी बलियो बनाउनुपर्ने त्यो भ'को छैन ।

म केही समय अगाडि पोखरामा जाँदाखेरि एउटा सानो कुरा सम्माननीय अध्यक्ष महोदय, त्यहाँ पोखराको रामघाटमा जुन सेती पुलको नजिकै त्यहाँ ढुङ्गा, गिट्टी, बालुवा निकालेर वरिपरिका पहाडहरू सप्पै खस्ने खालको स्थिति छ । भनेपछि जतातत्तै क्रसर उद्योगवालाहरूले लथालिङ्ग, भद्रगोल बनाएको छ । त्यसको अनुगमन पनि गर्नुपर्‍यो । त्यो पाटो चाहिँ एकदम कमजोर छ । त्यसकारण समग्रतमा विधेयक चाहिँ राम्रो छ । तर विधेयक राम्रो भएर मात्रै भएन अनुगमनको पाटो चाहिँ अलि बलियो हुनुपर्‍यो । राम्रो हुनुपर्‍यो । हस् त, धन्यवाद ।

(१२:४९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१२:५० बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म यस अनुगमन मूल्याङ्कन विधेयकका सन्दर्भमा माननीयज्यूले विषय उठान गर्नुभ'को छ । त्यसको म हार्दिक स्वागत गर्न चाहन्छु । स्वाभाविक ढङ्गले हाम्रा विकास आयोजनाहरूदेखि लिएर थुप्रै कामहरू हुने गर्छन् । त्यसको अनुगमन र मूल्याङ्कन त्यो ढङ्गले हुन नसक्दाखेरिमा त्यसको कानुनी व्यवस्था हुन नसक्दाखेरिमा त्यसले समस्या पैदा भैरहेको छ र अहिले कानुनी व्यवस्था हुन खोज्दै छ । यो पनि आफैमा सकारात्मक कुरा हो भनेर माननीयज्यूले यहाँ बोल्नुभ'को छ । यो अनुगमन प्रणालीलाई अलिक व्यवस्थित बनाउनुपर्छ बलियो बनाउनुपर्छ भन्ने कुरा पनि छ । त्यो विधेयक खास गरेर उत्पत्ति भयो र समितिबाट छलफल गरेर सबै माननीयज्यूहरूले धारणा व्यक्त गरेर यो विधेयकको रूपमा प्रतिवेदनसहित यहाँ आ'को छ । अब यसले अगाडि बढ्ने क्रममा समितिमा व्यापक छलफल भएको छ भन्ने मैले थाहा पाएको छु र यहाँबाट प्रतिनिधि सभामा सम्भवतः यो विधेयक जान्छ प्रतिनिधि सभामा जाँदाखेरिमा कहाँ कति के नपुगेका हुन् भन्ने कुरा हामी त्यहाँ पनि फेरि छलफलको प्रक्रियाअगाडि बढ्ने छ । र त्यो छलफलको प्रक्रिया अगाडि बढिसकेपछि विधेयकलाई अझै समृद्ध बनाउन पर्ने आवश्यकता भयो भने अझै यसलाई परिमार्जन गर्नुपर्ने आवश्यकता भो' भने त्यो पनि अगाडि बढ्ने छ भन्ने कुराहरू राख्दै । छलफलमा भाग लिनुहुने माननीयज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरा भनाइ यहीं अन्त्य गर्छु धन्यवाद ।

(१२:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधायन व्यवस्थपान समितिको प्रतिवेदनसहित अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्ताव प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरू अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३३ सम्मका दफाहरू "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ३३ सम्मका दफाहरू सर्वसम्मतिले अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>**प्रस्तावना**</u>ः विकास तथा योजनाको कार्यान्वयनमा उत्तरदायित्व र जवाफदेहिता प्रवर्धन गर्न गरी लागत प्रभावकारिता अभिवृद्धि गर्नका विकास नीति तथा योजनाको अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, विश्वसनीय, गुणस्तरीय, व्यवस्थित, नतिजामुखी र प्रभावकारी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u>ः (१) यो ऐनको नाम "अनुगमन तथा मूल्याङ्कन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको एकतिसौं दिनदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना मन्त्री रेखा शर्मालाई "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१२:५५ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१२:५५ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, आजको यसपछिको कार्यसूचीको क्रमलाई सामान्य हेरफेर गरेको छ । माननीय सदस्यहरू, अब म माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१२:५७ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु ।

(१२:५७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अभिलेख संरक्षण पहिलो संशोधन विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गर्दछु ।

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म अभिलेख संरक्षण पहिलो संशोधन विधेयक, २०७७ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १० सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १० सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १० सम्म उल्लेखित संशोधनहरू अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ का सम्बन्ध विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १० सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले अभिलेख संरक्षणहरू (पहिलो संशोधन) विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ८ सम्मका दफाहरू अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ८ सम्मका दफाहरू सर्वसम्मतिले अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको नाम र प्रस्ताव पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>**ः अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यो ऐनको नाम "अभिलेख संरक्षण (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउछु ।

**(१३:०२ बजे) <u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१३:०२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँदछु ।

(१३:०३ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री ज्वाला कुमारी साहः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु ।

(१३:०४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४० सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४० सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४० सम्म

उल्लेखित संशोधनहरू "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४० सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ५६ सम्मका दफाहरू "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको दफा २ देखि ५६ सम्मका दफाहरू सर्वसम्मतिले "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>**ः मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य श्रृङ्खलाका सबै चरणमा वैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र त्यसको नियमनको व्यवस्था गर्न खाद्य स्वच्छतासम्बन्धी कानुनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**: (१) यो ऐनको नाम "खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहलाई "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१३:०८ बजे)** **कृषि तथा पशुपन्छी विकास मन्त्री श्री ज्वाला कुमारी साह**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१३:०९ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा नेपालको संविधानको धारा ९५ बमोजिम संवत् २०७९ साल माघ २७ गते शुक्रवार अपराह्न ३:०० बजे सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने बेहोरा अनुरोध गर्दछु । तसर्थ, राष्ट्रिय सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई उक्त दिन अपराह्न २:४५ बजेभित्र नै प्रतिनिधि सभा बैठक कक्षमा प्रवेश गरी आआफ्नो आसन ग्रहण गरिसक्नुहुन अनुरोध गर्दछु । साथै उक्त दिन माननीय सदस्यहरूका लागि निर्धारण गरेको औपचारिक पोसाकमा उपस्थिति भइदिनुहुनसमेत अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल माघ २७ गते शुक्रवार अपराह्न ५:१६ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल माघ २७ गते शुक्रवार अपराह्न ५:१६ बजे बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १३:११ बजे ।**